




PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epateekdaily.com



❖ वर्ष ३४ ❖ २०७८ साउन २३ गते शनिवार // मृत भस्म नबन्दैमा भिञ्को भैकन बल्नुछ // 2021 August 07 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३४०

## मोटरसाइकल चोरीमा प्रहरीको संलग्नता, पार्टपुर्जा रक्सौलमा बिक्री

प्रस, परवानीपुर, २२ साउन/

वीरगंज र आसपासका क्षेत्रमा हुने मोटरसाइकल चोरीका घटनामा प्रहरीको संलग्नता रहेको समाचार प्राप्त भएको छ।

वीरगंजलगायत आसपासका क्षेत्रमा अहिले दैनिक दुईवटा मोटरसाइकल चोरी भइरहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय, पर्साको तथ्याङ्क अनुसार गत आवमा २३ वटा पल्सर मोटरसाइकल चोरी भएको थियो। त्यस्तै, २६६ वटा अन्य ब्रान्डका मोटरसाइकल चोरी भएको थियो। केही मोटरसाइकल फेला परेपछि मोसाधनीलाई जिम्मा लगाइएको प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालको भनाइ छ।

वीरगंजबाट चोरी भएका मोटरसाइकल भारतको सीमावर्ती रक्सौल पुग्ने गर्छ। चोरी भएका मोटरसाइकल क्राइम शाखामा कार्यरत प्रहरी तथा सादा पोशाकमा रहेका प्रहरीले नै सीमासम्म पुऱ्याउन सहयोग गर्ने गरेको समाचार स्रोतले जनाएको छ। रक्सौलको नहर चोकको उत्तरपट्टि रहेका थुप्रै कबाडपसलमा मोटरसाइकलको पार्टपुर्जा खोलेर बिक्री हुने गरेको छ।



भारत, रक्सौलको नहरचोकमा रहेका कबाड पसलमा बिक्रीका लागि राखिएका सवारीसाधनका पार्टपुर्जाहरू। तस्वीरः प्रतीक

यसबारे भारतीय प्रहरीलाई पनि जानकारी हुन्छ तर आर्थिक प्रलोभनका कारण उनीहरूले केही गर्दैनन्। रक्सौलस्थित कबाडपसलमा नेपालीहरू नै पुगेर आफ्नो सवारीसाधनको लागि चोरी भएका मोटरसाइकलका पार्टपुर्जा किन्ने तथा सोही ठाउँमा फेर्ने गर्छन्। रक्सौलको नहर चोकमा यस्ता कबाडपसल ११ वटा छन् र त्यहाँ चोरिएका मोटरसाइकलहरूको निर्बाधरूपमा व्यापार भइरहेको छ।

स्रोतका अनुसार वीरगंजमा मोटरसाइकल चोरी हुने बित्तिकै रक्सौलमा रहेका कबाडधनी तथा सादा पोशाकका नेपाल प्रहरीकहाँ खबर पुग्छ। जिल्ला प्रहरी कार्यालय, पर्साको क्राइम ब्रान्चमा काम गर्ने अधिकांश प्रहरी यस कार्यमा संलग्न रहेको समाचार स्रोतको दाबी छ।

नेपाल प्रहरीसँग मोटरसाइकल चोरहरूबारे जानकारी भएपनि मोटरसाइकल चोरहरू पक्राउ नपर्नुमा प्रहरीको मिलेमतो रहेको प्रस्ट हुन्छ।

एकातर्फ पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे समाजमा शान्ति सुव्यवस्था ल्याउन आफूहरू दिनरात

(बाँकी अन्तिम पातामा)

## सुरक्षित नागरिक आवास कार्यक्रम पनि कछुवाको चालमा

नितेश कर्ण, वीरगंज, २२ साउन/

सघन शहरी विकास कार्यालय पर्सा वीरगंजले पर्सा, बारा, रौतहटमा गत आव २०७७/७८ मा आएको रु २ अर्ब ५० करोड ३० लाख १२ हजारमध्ये रु १ अर्ब ९३ करोड ६ लाख ३२ हजार खर्च भएको बताएको छ।



तस्वीरः प्रतीक

सघन शहरी विकास कार्यालय, वीरगंजका प्राविधिक प्रमुख विवेक नेपालले सघन शहरी विकास कार्यक्रम अन्तर्गत आएको रु १ अर्ब ९० करोड ६७ लाख ९० हजारमध्ये रु १ अर्ब ४४ कराड ७५ लाख ७१ हजार खर्च भएको बताए। उनले यो शीर्षकमा ६५ किलोमिटर कालोपत्र र २५ किलोमिटर नाला निर्माण भएको जानकारी गराए।

यसैगरी, आवास व्यवस्था कार्यक्रम, सुरक्षित नागरिक आवासतर्फ कन्टिजेन्सी भवन निर्माण संहिता सहकारी भवन, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, कोभिड–१९ विरुद्धको खोप भण्डारण गृह निर्माण, नयाँ शहर योजना, नमूना एकीकृत बस्ती विकास कार्यक्रमसमेत गरी कुल रु २ अर्ब ५० करोड ३० लाख १२ हजार बजेट आएकोमा असार मसान्तसम्म रु १ अर्ब ९३ करोड ६ लाख ३२ हजार खर्च भएको बताए।

यसैगरी, सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आव २०७६/७७ मा पर्सामा ९ सय, बारामा ११ सय ४० र रौतहटमा ९३० वटा छाप्रो भएको घरलाई जस्तापाताले छाउने काम भएको बताए। उनले लक्षित सङ्ख्यामध्ये आव २०७६/७७ मा तीनवटै जिल्ला गरी १७७५ वटा घरमा जस्तापाताले छाउने काम सम्पन्न भएको बताए।

यसैगरी, आव २०७७/७८ मा पर्सामा ३००७, बारामा ३३२० र रौतहटमा ४५९६ वटा छाप्रो घरमा जस्तापाता छाउने कार्य भइरहेको जानकारी गराए। उनले गत वर्ष १९६७ वटा छाप्रो हटाएर जस्तापाता छाएको बताए। पर्सा, बारा, रौतहटका चारवटै निर्वाचन क्षेत्रमा यो कार्यक्रम भइरहेको र प्रतिघरपरिवार रु ५० हजारको दरले जस्तापाता छाउने कार्य हुँदै आएको प्राविधिक प्रमुख नेपालले

(बाँकी अन्तिम पातामा)

## जीतपुरसिमराका पाँचवटा पसललाई कारबाई

प्रस, वीरगंज, २२ साउन/

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्सासहितको टोलीले शुक्रवार जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत सिमरा बजारमा अनुगमन गरेर पाँचवटा पसललाई कारबाई गरेको छ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्साका सूचना अधिकृत दिलीपखड्ग खत्वेले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ बमोजिम कसूर गरेकोले सोही दफाको ३९ बमोजिम जीतपुरसिमरा उपमनपा–३ मा रहेको विकाश जनरल स्टोर्सले बिल नदेखाएपछि रु २० हजार जरिवाना गरिएको बताए। सोही स्टोरमा रहेको ३ हजार ८५५ रुपैयाँ बराबरको पेय पदार्थ मिति नाघेको कारण नष्ट गरिएको उनले बताए।

यसैगरी, सोही ठाउँमा रहेको आरएम इन्टरप्राइजेजले खरीद बिल नदेखाउँदा

(बाँकी अन्तिम पातामा)



म्याद गुज्रेका पेयपदार्थ नष्ट गर्दै। तस्वीरः सौजन्य

## रेलवे क्रसिङमा ओभरब्रिज बनेपछि यात्रुलाई राहत

राधेश्याम पटेल, वीरगंज, २२ साउन/

नेपाल–भारत सीमावर्ती बजार वीरगंज–रक्सौल आवागमन अझै सहज हुने भएको छ। रक्सौल रेलवे गुम्टी नं १३ (ढाला)मा लाइट ओभरब्रिज निर्माण भएपछि वीरगंज–रक्सौल आउजाउ गर्ने यात्रुहरूलाई सहज भएको छ।



रक्सौलस्थित रेलवे क्रसिङमा निर्माण गरिएको ओभरब्रिज। तस्वीरः प्रतीक

भारतीय रेलवेले करीब ९ करोड रुपैयाँको बजेटमा साइकल, मोटरसाइकल गुड्ने र पैदल यात्रीको लागि लाइट ओभरब्रिज निर्माण गरेको छ।

सन् २०१९ अप्रिल–मईमा बिहारमा भएको लोकसभा चुनावको बेला भारतीय जनता पार्टीबाट लोकसभा सांसद सञ्जय जैसवालले उक्त ओभरब्रिजको शिलान्यास गरेका थिए।

भाजपा बिहार प्रदेश पार्टी अध्यक्षसमेत रहेका जैसवाल बेतिया लोकसभा क्षेत्रका सांसद हुन्। वीरगंज–रक्सौल भएर आउजाउ गर्न रक्सौलबाट पूर्वतर्फ घोडासहनतर्फ गएको रेलवे ट्र्याकको कारण २४ घण्टामा करीब ६ घण्टा फाटक लगाएर सडक अवरुद्ध हुन्थ्यो। जसले गर्दा नेपाल–भारतका यात्रुहरू घण्टौं जामको सामना गर्थे।

वीरगंज र रक्सौलका नागरिकले रेलवे ढालानजीकै ओभरब्रिज बनाएर उक्त समस्या समाधान गर्न सरकारसमक्ष पहल गरेपछि भारतीय रेलवेले लाइट ओभरब्रिज निर्माण गरेको आरएसएस निकट सीमा जागरण मञ्च बिहारका अध्यक्ष महेश अग्रवाल बताउँछन्। उनका अनुसार करीब दुई वर्षपश्चात् निर्माण भएको लाइट ओभरब्रिजको रङ्गरोगनको काम भइरहेको र अगस्त १५ वा सेप्टेम्बर पहिलो साता उक्त ओभरब्रिजको उद्घाटन हुनेछ। उनले सोही स्थानमा रेलवे ओभरब्रिज (आरओबी)को लागि पनि योजना अघि बढिसकेको बताए।

आरओबीमाथि साइकल, मोटरसाइकलसँगै भारी सवारीसधान पनि पार गर्छन् भने लाइट ओभरब्रिज भएर दुई पाङ्ग्रे र पैदलयात्री मात्र यात्रा गर्छन्।

हाल निर्माण पूरा भएको लाइट ओभरब्रिजले पनि करीब ७० प्रतिशत यात्रुलाई राहत मिल्नेछ। चार पाङ्ग्रे सवारीसाधान लिएर रक्सौल जानेहरूलाई रेल आएको वा क्रसिङ चयानल मिलाइरहेको बेला सास्ती खेप्नुपर्ने बाध्यता यथावत् रहनेछ।

रू ३५ हजार राशिको

**सुबोध स्मृति पुरस्कार २०७८**



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ।

इमेलः prateekdaily@gmail.com
अनलाइनः eprateekdaily.com
फेसबूकः facebook.com/prateekdainik

आयोजकः प्रतीक

सङ्क्रमित भइल आदमी खोकला आ छिंकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलेला।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**व्यसनले मनुष्यलाई कल्याणको बाटोबाट खसाउँछ ।**

**– मनुस्मृति**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# आश्वासनमैं सीमित मितेरी पुल

**वीरगंज–रक्सौल मितेरी पुलको आधा भाग भारतले र आधा भाग नेपालले बनाउने सहमति भएको छ। मितेरी पुल १०६ मिटर लामो छ र भारतीय पक्षले आफ्नो हिस्साको आधा भाग अर्थात् ५३ मिटर बनाइदिने र नेपाल सरकारले आफ्नो हिस्साको आधा भाग ५३ मिटर बनाउने सहमति भएको छ। वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको अग्रसरतामा हिजो यो कुराको टुङ्गो लागेको हो। भारत सरकारको सङ्घीय बजेटमा इन्डियन आयल कर्पोरेशन रेलवे ढालादेखि भारतीय कस्टमसम्म सडक सुधार आयोजना अन्तर्गत काम हुन लागेकोमा मितेरी पुलको आधा भाग मर्मतको लागि थप बजेट निकासका लागि पथ निर्माण विभागले पहल गर्ने भएको छ। यो काम सहमति अनुसार एक साताभित्र भारतीय पक्षले स्वीकृतिका लागि पहल गर्ने र काम अगाडि बढाउने बुझिएको छ। यसैगरी, नेपालतर्फ पनि रजतजयन्ती चोकदेखि मितेरी पुलसम्म १३ सय मिटर ६ लेन सडक विस्तारको योजना छ। चालू आवमा यो काम हुनेछ। यसै योजनामा मितेरी पुलको मर्मत गर्ने योजना छ। तर दुवै योजनाको सफलतामा आशङ्का छ। भारतको केन्द्रीय र राज्य सरकारले रक्सौल क्षेत्रको विकासका लागि खासै चासो देखाएका छैनन् भने नेपाल सरकार र अहिले गठित प्रदेश तथा स्थानीय सरकारले पनि वीरगंजको विकासका लागि चासो देखाएको पाइएको छैन।**

**भारत सरकारले रक्सौल रेलवे ढालामा ओभरब्रिज निर्माणको लागि शिलान्यास गरेको वर्षौं भयो तर अहिलेसम्म बनेको छैन। नेपाल सरकारले पनि भारतसँग जोडिएका आफ्ना नाकाहरूमध्ये वीरगंजबाहेक सबै नाका ६ लेन सडकले जोडिसकेको अवस्था छ। नेपालगंज, धनगढी, भैरहवा, विराटनगरलगायतका नाका ६ लेन सडक सञ्जालले जोडिएका छन्। वीरगंजलाई नेपालको प्रमुख प्रवेशद्वार र आर्थिक नगरीबाट विभूषित गरिँदै आए पनि सोअनुरूपको विकास भने भएको छैन। पथलैयादेखि मितेरी पुलसम्म ६ लेन सडक सञ्जाल जोड्ने योजना भएपनि वीरगंज शहरको पुरानो बस्ती फराकिलो पार्ने काम ओझेलमा परेकोले अहिले रजतजयन्ती चोकदेखि मितेरी पुलसम्म ६ लेन सडक सञ्जालको योजना अघि बढेको हो। तर वीरगंज–पथलैया ६ लेन सडक विस्तार कार्य शुरू भएको आधा दशक बित्न लागदा पनि निर्माण सम्पन्न हुन सकेको छैन। भन्नका लागि चार वर्षअघि नै तत्कालीन भौतिक तथा पूर्वाधार विकासमन्त्री रघुवीर महासेठले एक वर्षभित्र सडक निर्माणको काम पूरा गर्ने वीरगंजको एक कार्यक्रममा उद्घोष गरेका थिए। सोही कार्यक्रममा उनले एक महीनाभित्र मितेरी पुलको मर्मत हुने आश्वासन दिएका थिए। तर उनी मन्त्रीबाट हटेर पुनः मन्त्री भए अनि अहिले फेरि सो पदबाट हटेको अवस्थामा पनि मितेरी पुलको मर्मत कार्य हुन सकेको छैन।**

**छिमेकी भारतको विहारका नेता हुन् वा हाम्रा नेता आश्वासन दिनमा खप्पिस छन्। उनीहरूले जति आश्वासन दिन्छन्, त्यसको दश प्रतिशत मात्र पनि कार्य हुने हो भने देशको विकास भइसकेको हुने थियो। मितेरी पुलबाट दैनिक सयौंको सङ्ख्यामा ठूला तथा साना सवारीसाधनहरूको आवतजावत हुन्छ। सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने वीरगंज भन्सार कार्यालय पनि भएको र पुल बिग्रिएको अवस्थामा दैनिक करोडौं राजस्व गुम्ने भएकोले पुलको अविलम्ब मर्मतमा ध्यान पुग्नुपर्ने हो। तर नाम चर्चामा ल्याउने र वाहवाही बटुल्ने घटनाबाहेक पुल मर्मतको लागि दरिलो काम कसैबाट [redacted]**

# परिधानको भद्र आन्दोलन

**व्यङ्ग्यम्**



**सञ्जय मित्र**
mitrasanjay41@gmail.com

**हाम्रो मागको विषयमा हामी अहिले टेबुलमा बसेर कुराकानी गरौंला। हाम्रो भद्र आन्दोलन हो। हाम्रो कुरा सुन्न तिमी तयार छौं भने हामी भद्र आन्दोलन स्थगित गर्दछौं। तत्काललाई यति बुझिराख : हाम्रो पनि मानसम्मान हुन्छ र तिमीहरूको पनि अपमान हुन्छ। परिधानको अपमान गर्नेको मानिसहरूकै बीचमा उसको सम्मानको बोक्रा उप्किइन्छ।**

अस्ति साथीको बर्थडे पार्टीमा मेरो फस्नरले आँ गरेर मुख खोल्यो। मुख खोल्यो कि केही दुःख पोख्यो, भाषा बुझ्न सकिनँ तर धेरैबेरपछि भने मान्यो। फस्नरले बर्थडे पार्टीमा साथीभाइबीच बढाएको बेइज्जतको मात्रा उच्च रह्यो। एक मित्रले सहानुभूति राख्दै मेरी पूर्णाङ्गिनीतिर कर्के आँखाले हेर्दै बोल्यो, "एक वर्षमा तीन सय पैसट्ठीवटा इज्जत हुन्छ। हरेक इज्जतलाई बिहान, दिउँसो, साँझ र राति गरी चार प्रहरजस्तै चार भागमा बाँड्न सकिन्छ। इज्जतको यो वर्गीकरण पूर्ण वैज्ञानिक र लोकतान्त्रिक छ। अहिले साँझको इज्जत जाँदा पनि पच्चीस प्रतिशत मात्रै जाने हो एक दिनको। यो पनि पूरै गएको छैन। करीब साढे बाह्र प्रतिशत इज्जत जाँदा खुशी मान्नु उचित हुन्छ।"

मानिसको ध्यान गलतीतिर छिटो जाने रहेछ। त्यो गलती गल्लीमा होओस् कि गुलेलीमा होओस्। बोलीमा होओस् कि टोलीमा होओस्, गलतीले गणना पाउने रहेछ। कस्तो अचम्म, आफ्नो गलती नभए पनि परिणाम आफैंले भोग्नुपर्ने। फस्नरले गल्ती गऱ्यो र मेरो इज्जत कसरी घट्ने ? फस्नरले मुख आँ गरिरहँदा सहानुभूति राखेर कसैले त्यसको मुख छोपिदिएन क्यारे। अँध्यारोतिर अनुहार फर्काएर मैले फस्नर फकाउने उपक्रम गरिरहँदा कतिको नजर मेरी पूर्णाङ्गिनीतिर किन गएको होला ? धन्न बर्थडे पार्टी राति मात्र हुने रहेछ।

झन् अस्तिको एउटा घटना हो। बाथरूममा हतारहतार नुहाएर कपडा लगाउँदै थिएँ। गन्जीको हात छिराउने प्वालमा टाउको छिरेछ। बाहिर आगन्तुकलाई कट्टुमा नै फुत्केलाजस्तो गरेर छिटो निस्कने आग्रह आइरहेको छ। गन्जीलाई बल्लतल्ल के लाएको थिएँ, उल्टो परेछ। त्यो पनि दोहोरो उल्टो। अगाडिको भाग पछाडि र पछाडिको भाग अगाडिलाई दोहोरो भनेको होइन। गन्जीको भित्री भाग बाहिर र बाहिरी भाग भित्र परेको थियो।

हतारमा बाहिर निस्कँदा आगन्तुक साथी मेरो भेष देखेर हाँस्दै यसरी भित्र पसे मानौं केही सेकेन्डले रेल छुट्दैछ। भित्र पसेर तिनले ढोका राम्ररी लगाउन नपाउँदै यस्तो आवाज आयो मानौं द्वन्द्वकालमा टोलछिमेकमा केही पड्किरहेको छ। कहिल्यै सन्चो–विसन्चो पनि नसोध्ने मेरो छिमेकीले आफ्नो छतबाट सोधिन् पनि : घरभित्र त्यस्तो के पड्केको होला ? (छिमेकीको घरमा केही पड्किंदा आफ्नो घर पनि असुरक्षित होला कि भन्ने चिन्ता हुन सक्छ।) हो नि, छिमेकी भनेकै यस्तो हुन्छ र हुनुपर्छ। तरकारी झानेको आवाज नसुनेकी छिमेकीले देखाएको सहानुभूतिले मेरो इज्जत बढेको महसूस भयो तर फेरि व्यङ्ग्य कसिहालिन् : तपैंले त फेशन टिभीको जस्तो पो कपडा लगाउनुभा'छ।

जिस्किने मूड त थिएन तर फुत्त मुखबाट निस्किहाल्यो : टिकटकमा परिधान प्रदर्शनी छ, त्यसैमा अपलोड गर्न पुरानै गन्जीलाई नयाँ तरीकाले लगाएको।

उनी हाँस्दै अलप भइन्।

आगन्तुक बाहिर निस्कँदै गर्दा सफा मनले भन्दछ : "क्या फसाद, कट्टुको इजार खोल्दानखोल्दै फुत्किहाल्यो। अर्काको ठाउँमा भएको भए त मेरो कत्रो बेइज्जत हुन्थ्यो। यो त आफ्नै घर हो। घरको कुरो घरैमा रह्यो।" उसको हबिगत दर्शनीय थियो।

अनि कसरी भयो यसरी ? मैले प्रश्न गरें।

आगन्तुक मित्रले पुराण वाचन गरेको शैलीमा भन्यो : "रुघाखोकी लिएर हिजो राति सालीनानीकहाँ बास बसेको थिएँ। जिस्केर हो कि धेरै माया गरेर भातबाहेक सबै खानेकुरा पिरो पकाइन्। माथिबाट रुघालाई चवाट्टै पार्ने झोल भनेर चाउमिनसँगै दिइने एक बोतल खुर्सानीको झोल पनि दिइन्। म पनि सालीनानीको हातको हो भनेर सबै गुलियो मीठो मानेर खाएँ। खानेबेलामैं मलाई पिरोले बाउको बिहे देखाएको थियो। टाउको रन्थनिएर, पेट हुँडलिएर, मुटु कलेजोमैं आगो लागेकोजस्तो भएको थियो। तैपनि मृदु मुस्कानसहित घरवालीभन्दा प्यारी सालीले दिएको औषधि पिएपछि पिरोपछि हीरो हुने निश्चित थियो। तर टिक्ने नै बिक्छ। म टिक्न सकिनँ र राति नै भागे कुकुरको पुच्छरमा मटीतेल खन्याएझैं।

सालीको हर्कतले भने एउटा कुराको आविष्कार भएको छ। आज म घोषणा गर्दछु : "तीनपटक स्वाद दिने पदार्थ खुर्सानी हो। खाँदा पनि बाउको बिहे देखाउँछ, उल्टो ढचाउ आउँदा पतिकी पत्नी वा पत्नीको पति पोइल वा जोइल गएकोभन्दा पनि बढी पोल्छ र यो दिसा बस्ने बेलामा त झन् चारै दिशा देखेजस्तो हुन्छ। थप ब्याजमा पेट पोल्ने नाफा आउँछ।" खुर्सानीको रहस्योद्घाटन गर्दा नगर्दै ऊ फेरि भित्र पस्यो।

हिजो अलिक अचम्म नै भयो। पिकनिक जानको लागि दराजबाट कपडा निकाल्न खोज्छु। कपडै भेटिन्न। सबै कपडा छन् तर लाउने कपडा नै छ जस्तो लाग्दैन। बल्ल बीसौं शताब्दीको एउटा सेट भेट्टाएँ र लाएँ। तिघ्रामा सुकेको र तल भुइँमा लतारिने गरी झन्डै डेढ हात फुकेको पाइन्ट लाउनासाथ मैले घरमैं पालेको कुकुरले भुकेर गिज्यायो। बाहिर के निस्केको थिएँ, नयाँ ग्रहको मान्छे आएजस्तो सबैले यसरी हेर्न थाले कि म बाबाआदमको युगको नागरिक हुँ।

आज बिहान घरमा कोही थिएन। आनन्दले बाथरूम पसें। मेनगेटमा भित्रैबाट ताल्चा लगाएको हुनाले कोही पस्ला भन्ने डर नभएपछि बाथरूमको ढोका पो किन लाउनुपऱ्यो। र घरमा एक्लै भएपछि किन प्राकृतवादी स्नान नगर्ने ? जन्मिंदा कपडा लाएको कोही हुँदैन र मर्दा पनि कपडा लाएर कोही जाँदैन। एक्लै भएको बेला केको औपचारिकता ?

कपडा नलिईकन बाथरूममा पसेपछि एउटा टिकटक बनाउन मन लाग्यो। आफ्नो प्राकृतिक रूप र स्वभाव शायद यस्तै बेलामा होला आउने। मानिससित बुद्धि भएकोले मात्रै न हो कपडा लगाउन सिकेको। मानिसबाहेक अरू कसैले कपडा नै लगाउँदैन। कपडा एउटा प्रदर्शन बन्न पुग्नुको कारण पनि यही नै हो। यो लगाउने चलन नै नभएको भए सबै मानिस उस्तै देखिन्थे। अरू सबै कुराभन्दा कपडाले नै हो मानिस मानिसमा भेद सिर्जना गरेको। किन किन कपडा नै सारा विभेद र विकृतिको मूल स्रोत हो भन्ने निष्कर्षमा पुऱ्यायो।

बाहिर निस्कन्छु त कपडा कतै छैन। मेरो घरमा कतै कुनै कपडा नै देख्दिनँ। ढोकामा झुन्डिएर आत्महत्या गरेको अभिनय गर्ने पर्दा गायब, ह्याङ्गरमा झुन्डिएर पिङ खेल्ने कपडाहरू पनि गायब, मेरो तौलिया, गन्जी, कट्टु सबै हराए। अलिकति लाज मानेको अभिनय मनले गर्दागर्दै पनि म बाथरूमबाट सोझै दराजतिर लम्कें। कपडाको दराज रित्तै। ओछ्यानमा तन्ना, तोसक र सिरक केही पनि छैन। मेरो शरीर कपडाविहीनजस्तै मेरो घर पनि कपडाविहीन लाग्यो।

भर्खर बाथरूममा टिकटक बनाउँदा प्रतिपादन गरेको कपडाविहीन दर्शनले साकार रूप लिन पाउँदा मैले खुशी हुनुपर्ने हो तर म आफ्नो कपडाविहीन दर्शनमा अडिरहन सकिनँ। एक छिन पनि टिक्न नसक्ने दर्शन वा सिद्धान्त प्रतिपादन गर्ने ममाथि आफैं लाज लाग्नुपर्ने हो तर कपडा नै नभएपछि केको लाज ? आखिर सबै कपडा कहाँ हराए ?

डोरबेल बज्यो। मनमा अत्यासको आँधीहुरी चल्यो। जीउलाई झ्यालको पल्लामा लुकाउँदै मेनगेटतिर आँखा दौडाएँ। मेरा कपडाहरू मर्निङ वाकमा गएका रहेछन्। तुरन्त भित्र आउने आदेश दिएँ।

एउटाले बोल्यो : हामी आन्दोलनमा छौं।

केको आन्दोलन ? कस्तो आन्दोलन ? कपडाको पनि आन्दोलन हुन्छ ?

हामी कसैलाई डिस्टर्ब गर्ने गरी आन्दोलन गर्दैनौं। जुन घरमा आन्दोलन गर्छौं, त्यो घर छाडेर बाहिर निस्कन्छौं। हाम्रो माग पूरा नहुँदासम्म हामी भित्र पस्दैनौं।

के माग हो तिमीहरूको ? मागहरूबारे पहिले नै बताएको भए हुन्थ्यो नि, पूरा गरिसक्थें कि ?

झन् अस्ति गन्जीले आन्दोलनको सङ्केत गरेको होइन ? फस्नरले अस्ति माग पूरा गराउन आन्दोलन गरेको होइन ? तिम्रो साथी घरमा आउँदा कुनै पनि कपडा समयमा खुल्न नमानेको होइन ? तीन टिकट महाविकट भनेझैं तीनपटक चेतावनी दिइसकेका थियौं तर पनि हाम्रो माग पूरा नहुने भएपछि आन्दोलनको बाटो समातेका हौं।

माग के हो ?

हाम्रो मागको विषयमा हामी अहिले टेबुलमा बसेर कुराकानी गरौंला। हाम्रो भद्र आन्दोलन हो। हाम्रो कुरा सुन्न तिमी तयार छौं भने हामी भद्र आन्दोलन स्थगित गर्दछौं। तत्काललाई यति बुझिराख : हाम्रो पनि मानसम्मान हुन्छ र तिमीहरूको पनि अपमान हुन्छ। परिधानको अपमान गर्नेको मानिसहरूकै बीचमा उसको सम्मानको बोक्रा उप्किइन्छ।

हस् भन्दै म नतमस्तक हुन्छु। अलार्म बज्छ। निद्रा खुल्छ। हस्याङ्फस्याङ गर्दै यताउति हेर्छु। सबै ठीकठाक छ, अघिको टिकटक छैन।

# अमलेखगंज सडक जुस पिउने जक्सन बन्दै

प्रस, निजगढ, २२ साउन/

१३ वर्षको कलिलो उमेरमा भारत, मोतीहारी खजुरियाका हरिन्दरकुमार साह आफन्तको साथमा नेपाल छिरे। करीब ५ वर्ष आफन्तकै व्यापार व्यवसायमा काम गरे। नरिवलको पानी, उखु, भुइँकटहर, जुनारलगायत फलफूलको जुसको पसल गरे। अहिले उनी २२ वर्ष भइसकेका छन्।

एक वर्ष हेटौंडाको सडकमा यस्तै व्यवसाय गरेका उनी तीन वर्षदेखि बारा, अमलेखगंजस्थित नेपाल आयल निगमनजीकै राजमार्गमा उखुको जुसको व्यवसाय गरिरहेका छन्। हरिन्दर नेपाली मज्जाले बोल्दै मुसुक्क हाँसेर ग्राहकले रोजेको जुस पेल्न र नरिवल पानी दिन थाल्छन्। जुस पेल्ने हाते मेशिन उनले ६० हजार रुपैयाँमा किनेको बताए। सिजन अनुसारको उखु बिर्तामोड र भारतको सिलगुढीबाट मगाउँछन्। उनी सामान किन्न बिर्तामोड, सिलगुढी जाँदैनन्। रात्रिबसबाट उखु, नरिवललगायत आवश्यक फलफूलहरू मगाउँछन्। डेढ/दुई लाख रुपैयाँसम्म लगानी



भारत, मोतीहारी खजुरियाका हरिन्दर साह उखुको जुस बनाउँदै। तस्वीर: प्रतीक

लगाएको उनले बताउँदै महीनामा सबै खर्च कटाएर २०–३० हजार आम्दानी हुने गरेको बताए।

उनीसँगै भारतका तीनजना साथीले पनि यही व्यवसाय गरिरहेका छन्। अमलेखगंजमा कोठा भाडामा लिएर निरन्तर यो व्यवसाय गरिरहेको बताए। गर्मीयाममा बढी आम्दानी हुने बताउँदै जाडो महीनामा बिक्रीमा मन्दी हुने गरेको सुनाए।

राजमार्ग भएर जाने आउने कार, जीप, मोटरसाइकलका यात्रीहरू आफ्नो ग्राहक भएको उनले बताए। उखुको जुस प्रति गिलास रु ५० र नरिवल पानी आकार हेरी रु १ सय देखि १५० सम्म बिक्री गर्दै आइरहेका छन्।

यसै पेशा गर्दै आएका खजुरियाका २१ वर्षीय राजाकुमार साह र १८ वर्षीय भोलाकुमार साहले ६०/७० जना ग्राहक आउने गरेको बताए। बाटोमा हिंड्दा थकाइ लागेपछि यात्रीहरू फ्रेस हुन जुस पिउने गरेको उनीहरूले बताए।

अमलेखगंज सडकमा नरिवल पानी, फलफूलको जुस व्यवसाय गर्नेहरू एक दर्जन रहेको बताए। सडकमा जुस व्यवसाय गरेर राम्रो आम्दानी गरिरहेका उनीहरूले फोहोरमैलाको व्यवस्थापनमा चासो दिएका छैनन्। उखु, नरिवलको बोक्राले सडक किनार भरिएका छन्। अहिले बाराको अमलेगंजस्थित फराकिलो सडक क्षेत्र अस्थायी जुस पिउने जक्सन बनेको देखिन्छ।

[redacted]र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनले विश्वलाई दुई अर्ब मात्रा कोरोनाविरुद्धको खोप सहयोग गर्ने

बेइजिङ, २२ साउन/सिन्हुवा

चीनले यसै वर्षभित्रमा विश्वका विभिन्न देशलाई कम्तीमा पनि दुई अर्ब मात्रा कोरोनाविरुद्धको खोप सहयोग दिने भएको छ।

त्यसैगरी, चीनले यसै वर्षको अन्तिमसम्ममा चीनले एक करोड अमेरिकी डलर सहयोग कोभ्याक्स कार्यक्रममा गर्ने पनि बताएको छ। चीनका राष्ट्रपति सी जिनपिङले यो कुरा बताएका हुन्। उनले यसै वर्षको अन्त्यसम्ममा चीनले विश्वका खाँचो परेका देशहरूलाई कम्तीमा पनि दुई अर्ब मात्रा खोप दिने बताएका हुन्।




त्यसैगरी, राष्ट्रपति जिनपिङले आगामी दिनमा कोभिडविरुद्धको खोपको खाँचो हुने धेरै देश हुने भएकाले ती देशलाई यो खोप उपलब्ध गराउने बताए। कोभिड–१९ को अप्रेसन फोरमको बिहीवारको बैठकमा राष्ट्रपति सी जिनपिङले यो सन्देश पठाएका हुन्। उनले पठाएको लिखित सन्देशमा सो कुराको जानकारी गराइएको छ।

राष्ट्रपति सी जिनपिङले कोभ्याक्स अन्तर्गत दिइएको एक करोड अमेरिकी डलर बराबरको आर्थिक सहयोगबाट किनिएको खोप विश्वका विकासशील देशहरूका लागि उपलब्ध गराइने जानकारी पनि दिएका छन्। राष्ट्रपति जिनपिङले चीनले कोभिड–१९ का विरुद्धमा विश्व समुदायलाई एकत्रित गर्ने काममा चीनले भूमिका निर्वाह गर्ने पनि जानकारी दिएका छन्।

उनले विश्व यो महामारीबाट आक्रान्त भएकाले यसका विरुद्धमा विश्व नै एक भएर लड्नुपर्ने भन्दै चीन महामारीविरुद्ध विश्व समुदायलाई एकै स्थानबाट लड्ने वातावरण सिर्जना गर्ने काममा लागेको पनि बताएका छन्।

**भारतमा थप ४४ हजार नयाँ सङ्क्रमित**

नयाँ दिल्ली/

भारतका कोरोना भाइरसबाट नयाँ ४४ हजार ६४३ जना सङ्क्रमित थपिएका छन्। सरकारी अधिकारीले दिएको जानकारी अनुसार थपिएका सङ्क्रमितसँगै भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेको सङ्ख्या चार लाख १४ हजार १५९ पुगेको छ। यो सङ्ख्या कुल सङ्क्रमितको १.३० प्रतिशत भएको पनि जनाइएको छ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४१ हजार ९६ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै समयमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको सङ्ख्याभन्दा थप सङ्क्रमितको सङ्ख्या धेरै भएकाले अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्यामा वृद्धि भएको छ।

भारतमा अहिले सङ्क्रमणमुक्त भएको कुल सङ्ख्या तीन करोड १० लाख १५ हजार ८४४ पुगेको मन्त्रालयले जनाएको छ। कुल सङ्क्रमितमध्ये अहिलेसम्म सङ्क्रमणमुक्त भएको कुल सङ्ख्या ९७.३६ प्रतिशत पुगेको मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन्। भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भएर अहिलेसम्म चार लाख २६ हजार ७५४ जनाको मृत्यु भएको मन्त्रालयको तथ्याङ्क छ। तीमध्ये ४६४ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

अधिकारीहरूका अनुसार भारतमा अहिलेसम्म ४९ करोड ५३ लाख २७ हजार ५९५ भन्दा बढी मानिसलाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ।

**बेलायतमा फेरि बढे कोरोना सङ्क्रमित, अमेरिकामा स्वास्थ्य मापदण्डमा कडाइ**

लन्डन/

बेलायतमा फेरि पनि कोभिड–१९ का सङ्क्रमितहरूको सङ्ख्या बढ्न थालेको बताइएको छ।

पछिल्लो समाचार अनुसार बेलायतमा गएको २४ घण्टायता मात्र ३० हजारजनाभन्दा बढी व्यक्ति सङ्क्रमणमा परेका हुन्। यहाँ गएको २४ घण्टामा ३० हजार ९८८ जना कारोना भाइरसका नयाँ सङ्क्रमित फेला परेका छन्।

यो सङ्ख्या बेलायतमा भेटिएका कोरोनाका सङ्क्रमितहरूको पछिल्ला केही दिनयताको भन्दा धेरै भएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले जानकारी दिएका छन्। यहाँ अहिलेसम्मका सङ्क्रमितको सङ्ख्या ५९ लाख ८२ हजार १५२ पुगेको छ। त्यसैगरी, गएको २४ घण्टायता यहाँका कम्तीमा पनि ८६ जनाको कोरोनाकै कारण ज्यान गएको बताइएको छ।

यहाँ पछिल्ला केही दिनमा ठूलो सङ्ख्यामा सङ्क्रमण देखिएकाले अबका केही दिनमा यहाँ सङ्क्रमितको सङ्ख्या बढ्दै जाने हो कि भन्ने डर बढेको पाइएको छ। उता अमेरिकामा पनि पछिल्लो समयमा कोभिड–१९ को सङ्क्रमण बढ्दै गएको देखिएकाले यहाँको सरकारले जनस्वास्थ्यका मापदण्डहरूमा कडाइ गर्ने जनाएको छ।

पछिल्ला केही समयमा यसको सङ्क्रमण बढेपछि कतिपय राज्यहरूमा मास्क लगाउन अनिवार्य पनि गरिएको छ। त्यसैगरी, कतिपय अस्पतालमा कोभिडका सङ्क्रमितहरू बढेका समाचारहरू पनि आइरहेकाले सरकारले आवश्यक थप तयारी थालेको पनि बताइएको छ।

अमेरिकी संस्था 'सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन'ले आगामी चार हप्तामा अमेरिकामा कोभिडका सङ्क्रमितहरू बढ्न सक्ने बताएको छ। सो संस्थाले आगामी चार हप्तामा यहाँका अस्पतालहरूमा भर्ना हुने दर बढ्ने तथा उपचारका लागि आएका व्यक्तिहरूको मृत्युको दर पनि बढ्न सक्ने अनुमान गरेकाले सरकारले थप तयारी थालेको बताइएको हो।

उक्त संस्थाले बुधवार प्रकाशन गरेको विज्ञप्तिमा कोभिडको सङ्क्रमण अबका चार हप्तामा बढ्न सक्ने देखिएकाले यसको नियन्त्रणका लागि जनस्वास्थ्यका मापदण्डहरू अपनाउन सबै नागरिकमा अपील पनि गरेको छ। रासस




## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भयचिन्ता | वृष | विजय |
| मिथुन | कान्तिक्षय | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | राज्यभय |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | शत्रुभय | मीन | चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# हउ देख हो, टाटी फार के भिडियो देखतारसन

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**आममानिसको आवागमन पोखरियामा बढी भएकोले भिडियो हलहरूमा दर्शकको कमी हुन्थेन। बिस्तारै गाउँगाउँमा भिडियोको व्यावसायिक पेशा फैलिँदै गए पनि दुई दशकभन्दा बढी टिक्न सकेन। प्रविधिको विकाससँगै आज घरघरमा अत्याधुनिक टेलिभिजन छ।**

मनोरञ्जनको रूपमा गाउँदेहातमा भिडियो भित्रिएको इतिहास धेरै पुरानो भएको छैन। झन्डै चार दशकअघि देहातमा भिडियो भित्रिएको थियो। प्रथमतः पर्साको पोखरियाबाट भिडियोको व्यावसायिक पेशा शुरू भएको थियो। गाउँगाउँबाट मानिसहरू फिल्म हेर्न पोखरिया आउँथे। केही वर्षभित्रै दुई/तीन वटा भिडियो व्यवसाय थप भएको थियो। भिडियो हल थप हुँदै गएपछि प्रतिस्पर्धाको कारण आममानिसले नयाँ–नयाँ फिल्म



मुस्तुफा कुरैशी



राजेश गुप्ता



दिनेश मिश्र

हेर्ने अवसर पाउँथ्यो।

सामान्यतया दिउँसो १२ बजे, ३ बजे तथा साँझ ६ बजे गरी तीन शो भिडियो चल्थ्यो। नयाँ फिल्म आएमा र खर्च धान्ने गरी दर्शकको उपस्थिति भएमा रातिको ९ बजेको शो पनि चल्थ्यो। २२ वा २४ इन्चको एक टिभी र एक भिसिआर/भिसिडी प्लेयर गरी झन्डै ८० हजारदेखि १ लाख रुपैयाँसम्म खर्च गरेर व्यवसायको थालनी गर्नु चानचुने कुरा थिएन। वीरगंजपछि पर्साको देहाती क्षेत्रको घरायसी किनमेल प्रायः पर्साको पोखरियामा हुन्थ्यो। आममानिसको आवागमन पोखरियामा बढी भएकोले भिडियो हलहरूमा दर्शकको कमी हुन्थेन। बिस्तारै गाउँगाउँमा भिडियोको व्यावसायिक पेशा फैलिंदै गए पनि दुई दशकभन्दा बढी टिक्न सकेन। प्रविधिको विकाससँगै आज घरघरमा अत्याधुनिक टेलिभिजन छ।

'हउ देख हो, टाटी फार के भिडियो देखतारसन' अर्थात् त्यो हेर्नुहोस्, टाटी च्यातेर भिडियो हेरिरहेका छन् भन्दै एक केटोले ठूलो स्वरमा चिच्याइरहेको थियो। द्वारपाललाई सुनाइरहेको थियो। ठूला दाइहरूका कारण ससाना भाइहरूले टाटीको प्वालबाट भिडियो हेर्ने मौका प्रायः पाउँथेनन्। त्यसैले हेर्ने मौका नपाउने भाइहरू द्वारपालले सुन्ने गरी ठूलो स्वरमा चिच्याउँथे। त्यसपछि भागमभाग नहुने कुरै थिएन। यद्यपि बाल स्वभाव अनुसार लखेटिए पनि मौका छोपी पुनः टाटीको प्वालमा टाँसिने प्रक्रिया चाहिं निरन्तर चलिरहन्थ्यो।

फिल्मको क्यासेट ल्याउनको लागि प्रतिदिन बिहान वीरगंज पुग्नुपर्थ्यो। एकाबिहानै साइकलमा वीरगंज गएका भिडियो हलका कर्मचारी बिहान ९ बजे क्यासेट लिएर आइपुग्थे। त्यसपछि प्रचारको लागि क्यासेटको कभर भिडियो घरको बाहिरी भित्तामा झुन्ड्याइथ्यो। बिहानको समय किनमेलका लागि पोखरिया बजारमा आउने मानिसहरूबाट फिल्मको प्रचार गाउँसम्म प्रसार हुन्थ्यो। युवाहरू भने अन्हाइएको भन्दा कम सामग्री किनेर भिडियो हेर्नको लागि पैसा बचाउँथे। उक्त रोचक प्रसङ्ग सम्झेर उहिलेका ती युवाहरूको मुहारमा अहिले पनि मुस्कान छाउँदो होला।

**एक रोचक प्रसङ्ग**

प्रसङ्ग झन्डै चार दशकअघिको हो। पञ्चायतकाल थियो। दुईवटा भिडियो हल आसपास नै थिए। एउटामा हालसालै रिलिज भएको हिन्दी फिल्म लागेको थियो भने अर्कोमा भोजपुरी फिल्म लागेको थियो। नयाँ फिल्म लागेको भिडियो हलको अगाडि फिल्मको नाम, हीरो, हिरोइन, खलनायक तथा गीतको बोलसहित एकजना कर्मचारीले ठूलो स्वरमा प्रचार गरिरहेको थियो। दर्शकहरू नयाँ फिल्मतर्फ बढी आकर्षित थिए। डेढ/दुई रुपैयाँ टिकट दर थियो। भिडियो हेर्नको लागि डेढ/दुई रुपैयाँ छुट्ट्याउनु पनि उहिले चुनौतीपूर्ण नै थियो। त्यसैले एक दिनमा दुई शो वा दुईवटा फिल्म हेर्नु अपवादबाहेक सम्भव थिएन। भिडियो हलहरूमा दिनहुँ फिल्म परिवर्तन हुन्थ्यो। सिनेमा हल जस्तै एउटै फिल्म एक हप्ता वा दुई हप्तासम्म चल्दैन थियो। त्यसैले भोलिपल्ट सोही फिल्म हेर्नु असम्भव प्रायः थियो। भोजपुरी फिल्म प्रायःजसोले पहिले नै हेरिसकेकाले उक्त भिडियो हलअगाडि खासै भीड थिएन। तर नयाँ फिल्म लागेको भिडियो हलअगाडि भिडियोको पोस्टर हेर्नेहरूको घुइँचो थियो। हलभित्र प्रवेश गर्नेहरूको लाम लागेको थियो।

साढे एघार बजिसकेको थियो। १२ बजेदेखि शो शुरू हुन्थ्यो। नयाँ फिल्म लागेको भिडियो हलमा दर्शकहरू पसिरहेका थिए। भोजपुरी फिल्म लागेको हलमा दर्शकहरू थिएनन्। सञ्चालकलाई क्यासेटको भाडा पनि नआउने हो कि भन्ने तनाव थियो। उसले युक्ति लगायो। आफ्नो कर्मचारीलाई अन्हाउँदै भन्यो, "पैसा लाग्दैन भन्दै जोडजोडले कराऊ।" कर्मचारीहरू कराउन थाले, "आइँ–आइँ फोकट में फिलिम देखी, एको पैसा नालागी, १२ बजे के शो फ्री बा," अर्थात् "आउनुस्। आउनुस्। सित्तैमा फिल्म हेर्नुहोस्। पैसा लाग्दैन। १२ बजेको शो निश्शुल्क छ," भन्दै ढोकाको दुईटै पल्ला दुईतिर गरेर कर्मचारी पर हट्यो। अब भोजपुरी फिल्म लागेको हलअगाडि भीड जम्मा भयो। हेर्दाहेर्दै भीड बढ्न पुग्यो। हलभित्र छिर्नको लागि तँछाडमछाड हुन थाल्यो। मानिसहरूबीच एकापसमा 'रगडारगडी' (घम्साघम्सी) भइरहेको थियो। भीडको कारण अहिले भोजपुरी फिल्म लागेको भिडियो हलमा बस्ने ठाउँ थिएन। मानिसले खचाखच भरिएको थियो।

नयाँ फिल्म लागेको हलमा पैसा तिरेर पसेकाहरूमध्ये कतिपयले भन्न थाले, "हमर पैसा फिर्ता द, हम फिलिम नादेखेम, बाबु मारे लगिहन, घरे जाएके बा," अर्थात् "मेरो पैसा फिर्ता दिनुस्, म फिल्म हेर्दिनँ, बुबाले पिट्नुहुन्छ, घर जानु छ।" आदि विभिन्न बहाना बनाउने काम शुरू भइसकेको थियो। पैसा फिर्ता लिनेहरू भोजपुरी फिल्म लागेको हलमा निश्शुल्क प्रवेश गर्न थालेका थिए।

१२ नबज्दै नयाँ हिन्दी फिल्म लागेको हलको सञ्चालकको अनुहारमा १२ बजिसकेको थियो। अनुहार कालो भइसकेको थियो। भोजपुरी फिल्म लागेको भिडियो हलको सञ्चालकको मन भने अहिले गद्गद् थियो। सधैं टाटी च्यातेर एक आँखाले टाटीको प्वालबाट भिडियो हेर्ने ससाना बच्चाहरूलाई त चिठा परे जस्तै भयो। फिल्म शुरू भइसकेको थियो। नयाँ फिल्म लागेको भिडियोको सञ्चालक रिसले चुर थियो। कर्मचारीहरूसहित उसले पनि चिच्याउन थाल्यो, "आइँ–आइँ नयाँ फिल्म फ्री में देखी।" भोजपुरी फिल्म हेरिरहेका दर्शकहरू अब यता आउन थाले। दर्शकहरू कहिले यता त कहिले उता छिर्ने क्रम दिनभर चलिरह्यो। दर्शकहरूले कुनै पनि फिल्म पूर्णरूपमा हेर्न सकेनन्।

यही सेरोफेरोमा उहिलेका लालाबाला जो अहिले व्यस्क भइसकेका छन्, उनीहरूसँग भएको संवादको संक्षिप्त अंश प्रस्तुत छ।

**मुस्तुफा कुरैशी (पोखरिया, पर्सा)**

मेरो घरनजीकै भिडियो हल थियो। बाल्यकालमा फिल्म हेर्ने खूब रहर थियो। हेर्थे पनि। अलि उमेर बढेपछि वा भनौं एसएलसी उत्तीर्ण गरिसकेपछि आफैं भिडियो सञ्चालक भएँ। कतिपटक आफैं पनि फिल्मको क्यासेट लिन वीरगंज गएको छु। साइकलबाट वीरगंज जाँदा र आउँदा झन्डै तीन घण्टा लाग्थ्यो। बिहान गएपछि ९ बजेसम्म फर्किन्थ्यौं। टिकट दर उहिले डेढ/दुई रुपैयाँ थियो। तर मैले भिडियो चलाउन शुरू गरेको बेला बच्चाहरूको रु ३ तथा वयस्कहरूको रु ५ थियो। प्रायः आफ्नै गाउँका र छिमेकी गाउँका मानिसहरू फिल्म हेर्न आउँथे। प्रायःजसो मानिस चिनजानका भएकाले टिकटदरमा सहुलियत गर्नुपर्थ्यो। ससाना बच्चाहरू पनि आउँथे। तर उनीहरू चार आना वा आठ आना जति दिन्थे। त्यत्तिकैमा सन्तोष गर्नुपर्थ्यो। भिडियो सेट र जेनेरेटर आदिमा कमसेकम एक लाख रुपैयाँ खर्च हुन्थ्यो। त्यसपछि घरभाडा, क्यासेटको भाडा, द्वारपाल, जेनेरेटरको इन्धन आदि गरी खर्च पनि निकै हुन्थ्यो। यद्यपि सबै खर्च कटाएर थोरै भएपनि बचत हुन्थ्यो। पारिवारिक खर्च धानिन्थ्यो।

**राजेश गुप्ता (वसन्तपुर, पर्सा)**

मेरो गाउँमा भिडियो हल थिएन। फिल्म हेर्न दुई किमी पूर्व पोखरिया जानुपर्थ्यो। शनिवारको दिन वा विद्यालयमा छुट्टी भएको बेला साथीहरूसँग फिल्म हेर्न गइन्थ्यो। सधैं कहाँ हेर्न पाइन्थ्यो र। बेचा (धान/चामल/गहुँ आदि) बेचेर चकलेट खाने उमेरमा फिल्म हेर्ने पैसा हुने कुरै थिएन। तर जसलाई फिल्म हेर्ने बानी परिसकेको थियो, उनीहरू विद्यालयभन्दा बढी भिडियो हलमा देखिन्थे। कतिले त पैसा नभएर टाटी च्यातेर एक आँखा बन्द गरी अर्को एक आँखाले फिल्मको मज्जा लिन्थे। भिडियोका द्वारपालले लखेटेपछि भाग्थे। माहोलको मूल्याङ्कन गरेर पुनः टाटीको प्वालमा पुग्थे र हेर्थे। टाटीको प्वालबाट भिडियो हेर्ने मज्जा मैले पनि लिएको छु।

एकपटकको रोचक प्रसङ्ग अहिले पनि स्मरणमा छ। फिल्म हेर्दाहेर्दै बत्ती गयो। भिडियोका कर्मचारीको जेनेरेटर स्टार्ट गर्ने प्रयत्न असफल भइरहेको थियो। त्यस कारण सबै दर्शक हलबाहिर आइसकेका थिए। भिडियोका कर्मचारी जेनेरेटरको हैन्डल चलाउँदा चलाउँदै थकित भइसकेका थिए। तर जेनेरेटर स्टार्ट भएन। सोही बेला बत्ती पुनः आयो। सबैजनाको मुहारमा खुशियाली छायो। तर झन्डै दश मिनेटपछि गएको बत्ती साँझ पाँच बजेसम्म आएन। भिडियो सञ्चालकले सबै दर्शकलाई भोलिको शोको लागि कागजमा हस्ताक्षर गरेर दिए। सबै आआफ्नो घर गए। आज उक्त प्रसङ्ग सम्झेर बालपनको याद आयो। मन प्रफुल्लित छ।

**दिनेश मिश्र (पोखरिया, पर्सा)**

मनोरञ्जनको लागि भिडियो हेर्ने त्यो समय अति रमाइलो थियो। खपडा वा फुसको लामो घरमा पराल बिछ्याइएको हुन्थ्यो। एक कुनामा टेबल हुन्थ्यो। सोही माथि २२/२४ इन्चको टिभीसँगै भिसिआर/भिसिडी राखिएको हुन्थ्यो। घाम लाग्दा अत्यधिक गर्मी हुन्थ्यो। त्यस्तै, पानी पर्दा टिपटिप चुहिने प्रकृतिको हलमा फिल्मको मनोरञ्जनले ती सबै कुरा बिर्साइदिन्थ्यो। एक/दुई वटा सिलिङ पङ्खा झुन्ड्याएको हुन्थ्यो। गर्मीको मौसममा पङ्खामुनि मानिसहरू एकापसमा टाँसिएर बस्थे। जब अत्यधिक गर्मी हुन्थ्यो, तब सर्ट फुकालेर हाते पङ्खा जस्तै चलाउँदै शरीर शीतल पार्ने काम पनि हुन्थ्यो। जेहोस्, भिडियो हेर्ने उक्त परिवेशको वर्णन गरेर साध्य छैन। मानसिक आनन्द शहरको ठूलो सिनेमा घरभन्दा अलिकति पनि कम थिएन।

# राजमार्ग मर्मत नहुँदा दुर्घटनाको जोखिम बढ्दै

लहान, २२ साउन/रासस

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सिराहाको मिर्चैयास्थित मुख्य सडकको मर्मत नहुँदा दुर्घटनाको जोखिम बढ्दै गएको छ। राजमार्गका विभिन्न स्थानमा भएका खाल्डाखुल्डी नपुरिंदा सवारीसाधन सञ्चालन गर्न असहज भइरहेकाले दुर्घटनाको जोखिम बढेको चालक बताउँछन्।

दैनिक हजारौं सवारीसाधन आवागमन गर्ने राजमार्ग नै भत्केर कुरूप बन्दा पनि सम्बन्धित सरोकारवाला निकायको यसतर्फ ध्यान जान नसकेको स्थानीयवासी बताउँछन्। राजमार्गका ठाउँठाउँमा गरिएको कालोपत्र अघिल्लो वर्षको असार–साउनको अविरल वर्षाका कारण मिर्चैयामा सडक भत्केको झन्डै एक वर्षभन्दा बढी समय बिते पनि टालटुलसमेत हुन सकेको छैन।

खासगरी पूर्वमा कटारी चोकदेखि पश्चिममा मिर्चैया थाना चोकसम्म रहेका खाल्डाखुल्डीका कारण राजमार्गको अवस्था अस्तव्यस्त बनेको स्थानीयवासीको भनाइ छ। मिर्चैयाको थाना चोक, कटारी चोक र पश्चिम बसबिसौनीमा रहेका ठूल्ठूला खाल्डाखुल्डीले पैदल आवतजावत गर्नसमेत समस्या भइरहेको छ।

एकातिर सडकमा रहेका खाल्डाखुल्डी पार गर्न चालकले लेन मिच्दा दुर्घटनाको जोखिम बढेको स्थानीय व्यापारी अशोक साहले बताए। राजमार्गमा रहेका समस्यालाई समाधान गर्न सडक डिभिजन कार्यालय लहानलाई पटक–पटक जानकारी गराइए पनि कुनै चासो नदिएको व्यापारी साहको कथन छ।

राजमार्गका केही स्थानमा सडक टुटफुट भएर खाल्डाखुल्डी हुँदासमेत सडक डिभिजन कार्यालयले कालोपत्र गरेर दिगो समाधान गर्नतर्फ ध्यान नदिएको स्थानीयवासीको भनाइ छ। वर्षायाममा नै भत्किएको सडक अहिलेसम्म नबन्दा यात्रीका साथै स्थानीयवासीले सास्ती बेहोर्नुपरेको छ।

# वडाध्यक्षले अदालतको आदेश अवज्ञा गरेको आरोप

प्रस, वीरगंज, २२ साउन/

पर्सा जिल्ला अदालतले अन्तरिम आदेश जारी गरेको मुद्दामा बहुदरमाई




नगरपालिका–३ का अध्यक्षले अदालतको आदेशको अवहेलना गरेका छन् ।

साबिक नगरदाहा गाविस–३ कित्ता नं ९ को १ धुर जग्गामा वडाध्यक्ष दिनेश यादवले पक्की ढलान र नाला बनाउने काम गर्दा सर्भे नापनक्शा नगरेको र जग्गाको रेखाङ्कन नगरी सडक बनाएको र आफ्नो जग्गा सोमा परेको भन्दै नारायण पडित कुम्हालले पर्सा जिल्ला अदालतमा दिएको निषेधाज्ञा आदेशमा अदालतले असार २४ गते अस्थायी प्रकृतिको अन्तरिम आदेश जारी गरेको थियो ।

अन्तरिम आदेश जारी गर्दै न्यायाधीश राजेशकुमार कटुवालले दुवै पक्षलाई अन्तरिम आदेश निरन्तरता दिने–नदिने सम्बन्धमा असार ३१ गते अदालतमा छलफलका लागि बोलाएका थिए तर वडाध्यक्ष यादव छलफलमा उपस्थित भएनन् र उनले अदालतको अन्तरिम आदेशविरुद्ध सडक ढलान, नाला बनाउने कामलाई निरन्तरता दिए ।

सोविरुद्ध पर्सा जिल्ला अदालतमा नारायण पडित कुम्हालले बहुदरमाई नगरपालिकाका नगरप्रमुख नितेन्द्र साहसमेत विरुद्ध दिएको अवहेलनाको आदेशमा अदालतले साउन २१ गते अवहेलनामा सजाय किन नगर्ने ? भनी विपक्षीसँग प्रमाण माग गरेको छ ।

बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित प्रतिवाद प्रस्तुत गर्न न्यायाधीश कटुवालको इजलासले आदेश गरेको हो । यस सम्बन्धमा नगरप्रमुख साहले कसैको जग्गा च्यापेर सडक निर्माण नभएको बताए । उनले राजनीतिक प्रतिशोधको कारण विकास निर्माणको काममा अवरोध गर्न खोजिएको आरोप लगाए ।

# ट्राफिक प्रहरीलाई ह्वील लक हस्तान्तरण

प्रस, वीरगंज, २२ साउन/

वीरगंज महानगरपालिकाले जिल्ला



ट्राफिक प्रहरी कार्यालयलाई ह्वील लक हस्तान्तरण गरेको छ ।

शुक्रवार नगरप्रमुख विजयकुमार सरावगीले १५ थान ह्वील लक ट्राफिक प्रहरीलाई हस्तान्तरण गरे ।

महानगरपालिकाको ट्राफिक व्यवस्थापनको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई हस्तान्तरण गर्दै नगरप्रमुख सरावगीले पार्किङ स्थलको व्यवस्थापन बिस्तारै हुँदै गएको बताए । उनले जथाभावी पार्किङ गर्ने प्रवृत्तिले समाजमा नकारात्मक सन्देश गएकाले व्यवस्थित पार्किङमा ध्यान दिनुपर्ने बताए ।






# सभापतिमा उम्मेदवारी दिन्छु –निधि

धनुषा, २२ साउन/रासस

नेपाली काङ्ग्रेसका उपसभापति विमलेन्द्र निधिले पार्टीको १४औं महाधिवेशनमा आफूले सभापतिमा उम्मेदवारी दिने बताएका छन् । यहाँ शुक्रवार सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, "१४औं महाधिवेशन जहिले भएपनि सभापतिमा मेरो उम्मेदवारी हुनेछ ।" उनले सभापतिको उम्मेदवारीका लागि आफू अगाडि बढिसकेको र तयारी शुरू गरिसकेको बताए ।

उनले क्रियाशील सदस्यतामा देखिएको विवाद चाँडै टुङ्गिने र महाधिवेशनको तयारीले गति लिने जानकारी दिए । उनले भने, "भदौमा महाधिवेशन हुन्छ भनेर सभापति शेरबहादुर देउवाजीले पनि भनिरहनुभएको छ, क्रियाशील सदस्यतामा देखिएको विवाद समाधानका लागि छलफल शुरू भएको छ, विवाद टुङ्गिएसँगै महाधिवेशनको तयारीले गति लिन्छ, तदर्थ समिति वा विशेष अधिवेशनको कुनै आवश्यकता छैन ।"

पूर्वउपप्रधानमन्त्री निधिले सरकारको न्यूनतम साझा कार्यक्रम कार्यदलले टुङ्ग्याइसकेकोले अब चाँडै मन्त्रिपरिषद् पनि विस्तार हुने बताए । एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल पक्षलाई पनि सरकारमा सहभागी गराउने प्रयास भइरहेको हुँदा मन्त्रिपरिषद् विस्तारमा केही ढिलाइ भएको उनको भनाइ थियो ।

उनले भने, "माधवकुमार नेपाल पक्षलाई पनि सरकारमा सामेल गराउने प्रयास भइरहेको छ, पार्टी सभापति देउवाजीलाई प्रधानमन्त्री बनाउन जजसले सहयोग गरेका छन्, उहाँहरू सबै पक्षलाई सरकारमा समावेश गराउने हाम्रो चाहना छ, त्यसैले केही ढिला भएको हो ।" सबै दललाई सरकारमा सहभागी गराउने आफूहरूको चाहना भएको र त्यसका लागि छलफल भइरहेको उनले जनाए ।

# आइटी आर्मीको पर्सा भेला सम्पन्न

प्रस, वीरगंज, २२ साउन/

आइटी आर्मी पर्साको भेला शुक्रवार



तस्वीरः प्रतीक

वीरगंजमा सम्पन्न भएको छ । भेलामा पूर्वमन्त्री प्रभु साहले आइटी आर्मीले पर्सालगायत तराईमा भइरहेको भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

तराईका पालिकाहरूमा बढ्दै गइरहेको भ्रष्टाचार नियन्त्रणलगायत कानूनी कारबाहीसम्म लड्ने उद्देश्यले आइटी आर्मीको गठन भएको र आफ्नो उद्देश्य पूरा गर्ने पूर्वमन्त्री साहले दाबी गरेका थिए ।

भेलाले सन्तोष पटेलको अध्यक्षतामा ५१ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ । कार्यक्रममा वडाध्यक्ष पवन तिवारी, अभिताभ बच्चन दासलगायतले आआफ्नो धारणा राखेका थिए ।

# घुरबाट घर–गोठमा आगलागी

प्रस, पचगावाँ, २२ साउन/

पटेर्वासुगौली गाउँपालिका–१ बैरिया निवासी धुरन साह तेलीको घर–गोठमा शुक्रवार बिहान आगलागी भएको छ ।

लामखुट्टे धपाउन बालिएको घुरबाट आगो सल्किंदा एउटा भैंसी जलेर मरेको छ भने दुईवटा भैंसी गम्भीर घाइते भएका छन् ।

आगलागीबाट ४५ वर्षीया प्रमिला देवी घाइते भएकी छन् । आगलागीमा ३ लाख मूल्यबराबरको क्षति भएको तथा प्रहरी र स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको स्थानीय सञ्जीतकुमार यादवले बताए ।


तस्वीरः प्रतीक

# पोखरीमा डुबेर तीनजना बालिकाको मृत्यु

प्रस, सिम्रौनगढ, २२ साउन/

भारतीय सीमावर्ती क्षेत्र कोदरकटमा शुक्रवार बिहान तीनजना बालिका पोखरीमा डुबेर मृत्यु भएको समाचार छ ।

बाख्रा चराउन गएको बेला १३ वर्षीया पुस्ता कुमारी, १४ वर्षीया देवी कुमारी र १२ वर्षीया रुक्साना खातुनको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । तीनैजना बाख्रा चराउन गएको बेला पोखरीमा डुबेको सूचना पाएपछि प्रहरी सोतर्फ लागेको तर त्यतिखेरसम्म उनीहरूको मृत्यु भइसकेको थियो । शव शल्यपरीक्षणको लागि मोतीहारी पठाइएको घोडासहनका राहुल कुमारले बताए ।

# इयरफोनका कारण दुर्घटना, देवान घाइते

प्रस, सिम्रौनगढ, २२ साउन/

बारा, सिम्रौनगढ नगरपालिका–४ हरिहरपुरको गण्डक नहरखण्डमा शुक्रवार टचाक्टर पल्टिंदा एकजना गम्भीर घाइते भएका छन् ।


सिम्रौनगढ अस्पतालमा उपचार गराउँदै देवान । तस्वीरः प्रतीक

दुर्घटनामा रौतहट, फतुवाविजयपुर नगरपालिका–५ सन्तपुर निवासी २५ वर्षीय नेपराज देवान घाइते भएका छन् । कानमा इयरफोन लगाइ टचाक्टर चलाइरहेका बेला टचाक्टर अनियन्त्रित भई नहरबाट खसेर खेतमा पुगेको थियो । टचाक्टरले थिचेर घाइते भएका देवानलाई स्थानीयवासीले उद्धार गरी प्रहरीमा खबर गरेको थियो । घाइतेको सिम्रौनगढ अस्पतालमा उपचार भइरहेको छ ।

# रौतहटमा मानव अधिकार आयोग समिति गठन

प्रस, रौतहट, २२ साउन/

मानवीय हकहित, अधिकार र सुरक्षाको निम्ति रौतहटमा मानव अधिकार अनुगमन समिति गठन भएको छ ।

नेपाल पत्रकार महासङ्घ रौतहट शाखाको कार्यालय भवनमा मानव अधिकार आयोग प्रदेश नं २ की अधिकृत मनमाया रानामगरको अगुवाइमा ७ सदस्यीय समिति गठन भएको हो । गठित समितिको संयोजकमा प्रेमचन्द्र झा, सदस्यहरूमा नेपाल बार एशोसिएशनका जिल्ला अध्यक्ष राजाराम यादव, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामपुकार यादवलगायत छन् ।

# पर्सागढीको हाटबजार व्यवस्थापन गरिने

बलिराम शुक्ला, बिरुवागुठी, २२ साउन/

पर्सागढी नगरपालिकाका प्रमुख लोकनारायण यादवले नगरपालिका अन्तर्गत रहेका हाटबजारलाई व्यवस्थापन गर्ने बताएका छन ।

प्रतीकसँग कुरा गर्दै नगरप्रमुख यादवले साताको दुईपटक लाग्ने हाटबजारमध्ये बडनिहार र मनवाबजार अव्यवस्थित रहेका कारण पहिलो चरणमा यी दुई बजारलाई व्यवस्थापन गर्ने बताए । उनले सरोकारवालासँग सुझाव लिई बजार व्यवस्थापन गर्ने बताए । नगरपालिकाबाट प्राविधिक खटाइ सडकपेटीमा लाग्दै आएको हाटबजार कहाँ व्यवस्थापन गर्न सकिन्छ भनी ठाउँको छनोट गरिने बताए ।


नगरप्रमुख लोकनारायण यादव

बडनिहार र मनवाबजारमा हाटबजार सडकपेटीमा लाग्दा सवारी आवागमनमा निकै कठिनाइ हुनुका साथै दुर्घटना पनि बढेको छ ।

# पोखरियामा एमसिसीको विरोधमा कोणसभा

प्रस, पोखरिया, २२ साउन/

मधेसी जनअधिकार फोरम मधेसले


तस्वीरः प्रतीक

मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)को विरोधमा शुक्रवार पोखरियामा कोणसभा गरेको छ ।

कोणसभामा फोरम मधेसका अध्यक्ष भाग्यनाथ गुप्ताले एमसिसी देशको लागि घातक रहेको बताए । उनले एमसिसीको विरोध सबैले आआफ्नो क्षेत्रबाट गर्नुपर्ने बताए ।

अहिलेका नेताहरू पैसाका लागि देश बेच्न पनि पछि नपर्ने बताउँदै उनले एमसिसीको विरोध गर्न आफ्नो पार्टी लागिपरेको बताए । कोणसभामा मोहन यादव, जयकरण यादव, सन्तोष यादव, ललन सहनीलगायतको सहभागिता थियो ।

### जीतपुरसिमराका....

निजलाई पनि रु २० हजार जरिवाना गरिएको, जीतपुरसिमरा–६ मा रहेको ओम शिवशक्ति जनरल स्टोरले निरीक्षण कार्यमा सहयोग नगर्दा रु २० हजार जरिवाना गरिएको सूचना अधिकृत खत्वेले बताए । यसैगरी, वडा नं १ स्थित भाइ किराना स्टोर र देवदास फैन्सी स्टोरले खरीद बिल नदेखाउँदा निजहरूलाई जनही रु १० हजार जरिवाना गरिएको बताए ।

देवदास फैन्सी स्टोरमा म्याद नाघेका २२ हजार ६ सय ७० रुपैयाँबराबरको पेय पदार्थ नष्ट गरिएको उनले बताए ।

### मोटरसाइकल ....

खटेको बताए पनि अर्कोतिर सादा पोशाकका प्रहरीहरू नै चोरी र तस्करी कार्यमा संलग्न रहेको बताइन्छ ।

तत्कालीन प्रहरी उपरीक्षक गङ्गा पन्तले क्राइम ब्रान्चका केही प्रहरी यस्तो कार्यमा संलग्न रहेको पाएपछि कारबाई गरेकी थिइन् ।

### सुरक्षित नागरिक आवास....

बताए । यो कार्यक्रम अन्तर्गत छाप्रो भएका घरलाई सम्बन्धित क्षेत्रका सांसद, जिसस सभापति र सघन शहरीका प्रमुखको सिफारिशमा पहिलो किस्ताबापत रु ३० हजार र काम सम्पन्न भएपछि रु २० हजार गरी रु ५० हजार भुक्तानी गर्ने प्रावधान रहेको छ ।

पर्सा, बारा, रौतहटमा गरी गत वर्ष १० हजार ९२३ वटा घरका छाप्रो हटाएर जस्तापाताले छाउनुपर्नेमा १९६७ वटा मात्र घरमा जस्तापाताले छाउने कार्य भएको छ ।

यसैगरी, आव २०७६/७७ मा २९७० वटा घरका छाप्रो हटाएर जस्तापाता छाउनुपर्नेमा १७७५ वटा घरको मात्र काम सम्पन्न भएको छ ।

तुलनात्मक हिसाबले २०७६/७७ मा बढी काम भएको र २०७७/७८ मा २५ प्रतिशत मात्र काम भएको देखिन्छ ।